परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ९ ❑ अंक १ २०७७ श्रावण ४ गते आईतवार Sunday 19, JULY, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## उपचारको पर्खाईमा रहेको गजानन्द जस्तो टाउँको भएको बालक राजवंशी

श्याम सुन्दर सुतिहार

विराटनगर, कार्तिक २० गते । प्रदेश नं. १ को जहदा गाउँपालिका वडा नं. ३ बनर खोखिया टोलमा एक बालकको टाउँकोमा गजानन्द (हात्तीको) टाउँको जस्तो देखिएको १३ वर्षको सुरज राजवंशीको बुवा-आमाको आर्थिक अवस्था कम्जोर भएकै कारण उपचारको पर्खाईमा रहेको छ ।





महेन्द्र आधारभुत विद्यालयमा कक्षा ७ मा अध्यनरत सुरज पढाई, चित्रकला र मादल बजाउमा अब्बल रहेको छ तर पनि अहिले सम्म सुरजको टाउँका माथिको भागमा रहेको पाँचवटा डल्लोको वारेमा नत टोलमा भएको स्यम सेवीका र नता शिक्षकहरुले नै चाँसो नदिएकै कारण सुरजको उमेर बढेसंगै टाँउकाको डल्लो पनि बढी रहेको छ ।

सुरजको परिवारमा बुवा अवधनाराण्ण राजवंशी बाबा जुटमिलमा मजदुरी गर्दछ भने आमा इट्टा भट्टमा मजदुरी गरी घर परिवार चलाई रहेका छन् । सुरजको हजुर बुवा विगत ७/८ वर्ष देखि लखुवा (पेरालाईसीस) भएर घरमै बसेको छ भने दादी त्यसैको सिहार सुसारमा दिन विताउँछ । सुरजको एक दिदी पनि रहेको छ ।

आमा लहसनिया देवी राजबंशी भन्छिन् 'सुरज जन्मिए देख नै टाउँकोमा पाँचवटा डल्लो देखिएको थियो । त्यसै वेला सुरजलाई निमुनिया लागेको डाक्टरलाई देउँदा सवै ठीकै छ भने पछि अरु कही उपचारको लागि उनले लगिनन् जसको परिनाम सुरज संग-संगै टाँउको डल्लो पनि बढी रहेको छ । छोरालाई केही समस्या त देखिएको छैन तर समाजले छोरालाई पाँच टाउँके, हात्ती टाँउके भनेर हैरान पारेका छन् ।'

वहांको भनाई छ एक त आर्थिक अवस्था कमजोर छ र छोरोलाई पनि कुनै समस्या नभएकोले उपचारको लागि कही लगेको छैन तर छोराको उमेर संगै टाँउको डल्लो बढेकोले उपचारको लागि लान्छु तर त्यसको लागि सहयोगी हातहरु भए मात्र मेरो छोराको उपचार सम्भव छ ।

हरेक गाउँपालिकाहरुको वडा-वडामा स्वय सेविका नियुक्त गरेका हुन्छन् । स्वयम सेविकाले हरेक बालबालिको स्वास्थ्यको वारेमा वडालाई र गाउँपालिकालाई जानकारी गराउँनु पर्छ तर १३ वर्ष विति सक्दा पनि यसबारेमा नत स्वयम सेविका र नत विद्यालयको शिक्षकहरुले चासो नलिनु विडम्बना भएको छ । त्यस्तो स्वम सेविका र शिक्षकलाई राज्यले कारवाही गर्ने कि नगर्ने ?

स्थानीय समाजिक अभियन्ता टिका विसुन्खे र जगरनाथ राय भन्छन ' हाम्रै गाउँ ठाउँको सुरजको बारेमा हामीलाई थाहा थिएन, कलाकार विष्णु राजवंशीले सुरजको भिडियो समाजिक संजालमा हाले पछि थाहा पाएको हुँ । परिवारले उपचारको लागि अगाडी बढे उपचारमा लाग्ने खर्च जुटाउँछौ बताउँदै यस बारेमा वडा अध्यक्ष र गाउँपालिका अध्यक्ष समेत संग छलफल गर्ने वताए ।

## शौचालय सहितको दुई कोठाको घर हस्तानतरण

विराटनगर । प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राईले मोरंगको ग्रामथान गाउँपालिका वडा नं. ७ मा सुकुम्बासी परिवारलाई शौचालय सहितको दुईकोठाको घर हस्तान्तरण गरेको छ ।

एकीकृत नमूना बस्ती 'जनता आवास कार्यक्रम' अन्तर्गत ३४ सुकुम्वासी घरपरिवारलाई जस्तापाता लगाएको शौचालय सहितको तीन कोठे नयाँ पक्की घर हस्तान्तरण गरिएको छ । सुनसरी मोरङ सिचाइ आयोजना अन्तर्गत नहरको ढिलमा बसेका सुकुमबासीहरूको घर आयोजनाले भत्काएपछि घरबार विहीन भएका उनीहरुलाई उक्त घर हस्तान्तरण गरिएको छ ।

सङ्घीय सांसद अमनलाल मोदीको निर्वाचन क्षेत्रमा स्थानीय पूर्वाधार विकास कार्यक्रम, तराई मधेश सम्बृद्धि कार्यक्रम र ग्रामथान गाउँपालिकाको तीन करोड चार लाख ४१ हजार ३४ को लागतमा उक्त घर निर्माण गरिएको छ ।

दुई वटा घर निर्माणधिन अवस्थामा रहेकोले पछि हस्तान्तरण गरिने सोही अवसरमा बताइयो । मुख्यमन्त्री राईले घर हस्तान्तरण गर्दै आवासविहिन सुकुम्वासीलाई सरकारले सुरक्षित बसोवासका लागि घर निर्माण गर्ने बताउनु भयो । उहाँले भूमिहीन किसानलाई भूमि दिन भूमि

वांकी अन्तिम पेजमा...

## प्रहरी र संचालक बीच छलफल

विराटनगर । प्रहरीले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउँदै जनचेतना जगाउन एफएम रेडियोसँगको सहकार्य आवश्यक रहेको सरोकारवालाहरुले बताएका छन् । प्रहरीसँगको छलफलमा रेडियो तथा एफएम सञ्चालक हरुले प्रहरीले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन सहकार्यको आवश्यक रहेको बताएका छन ।

जिल्ला प्रहरी कार्यालय मोरङले विराटनगरका रेडियो सञ्चालक हरु सँग छलफल गरेको छ । छलफलमा जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक सन्तोष खड्काले एफएम रेडियोको पहुँच ग्रामिण तहसँग हुने बताउँदै प्रहरीले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन सहकार्यको आवश्यकता रहेको बताएका थिए ।

छलफलमा सहभागि रेडियो सञ्चालकहरुले प्रहरी प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउँदै

वांकी अन्तिम पेजमा...

## छठपर्व रोक्न होईन सहजीकरण गरी दिने प्रशासनसंग माग

विराटनगर । हिन्दु र मुस्लीम धर्मालम्बीहरु मिलेर मनाउने एकमात्र छठपर्वलाई प्रशासनद्वारा रोक्न होईन सहजीकरण गरी दिन छठपूजा आयोजक समितिहरुले माग गरेको छ ।




कोरोना भाईरस (कोभिड-१९) को कारण भेला, भिडभाड, उत्सव र छठपूजा समेत मनाउन रोक लगाएपछि छठपर्वमा आस्था राख्ने धर्मालम्बीहरु र छठपूजा समितिले समाजिक दुरी कायम गरी छठपर्व मनाउन सहजीकरण गरी दिने प्रशासनसंग पत्रकार सम्मेलन गरी

वांकी अन्तिम पेजमा...

## क्वारेन्टिन कार्यालय मोरंगको सूचना

*विरूवा तथा विरूवा जन्यउपजहरूको निकासी पैठारी र ओसार पसार गर्दा सत्रु जीवको प्रवेश हुन सक्ने भएकोले विरूवा संरक्षण ऐन २०६४ तथा विरूवा संरक्षण नियमावली २०६६ अनुसार त्यस्ता विरूवाहरू तथा विरूवा जन्य उपजहरूको अनिवार्य क्वरेन्टिन जाँच गराई ओसार पसार गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।*

क्वारेन्टिन कार्यालय मोरंग

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.नं. ०१/०७३/७४

## दलीय १...

उपगुट बनाउने आफ्नो पार्टी निकटको व्यक्ति विश्वविद्यालयमा पदाधिकारी नियुक्ति भएमा खादा लिएर स्वागतमा निस्कने, आफ्नो दल बाहेकका ब्यक्ता नियुक्ति भएमा भौतिक आक्रमणमै उत्रिन पछि नहट्ने गतिविधि देखिन्छ ।

शैक्षिक एजेण्डामा केन्द्रित हुनुपर्ने विद्यार्थी सङ्गठन दलगत त्यसभित्र पनि गुटगत राजनीतिमा मस्त छ । शैक्षिक क्षेत्रमा देखिने चरम अनियमिततामा विद्यार्थी सङ्गठनले वकालत गर्नुपर्छ । सबै बिद्यार्थी सङ्गठनहरूले शैक्षिक संस्थामा विभिन्न बहानामा तालाबन्दी, तोडफोड, बन्द, आगजनी लगायतका गतिविधि गर्नमा रोक लगाउनु पर्छ ।

संसारका कयौं विश्व विद्यालयहरू शोध-अनुसन्धानमा व्यस्त छन् । कोरोना महामारी ( कोभिड(१९) को भ्याक्सिन बनाउन प्रतिस्पर्धामा छन् । तर हाम्रो विश्वविद्यालय राजनीतिक नियुक्तिको भागबण्डामै रूमल्लिरहेको छ ।

विश्वविद्यालयलाई विशुद्ध प्राज्ञिक थलोको रूपमा विकास गर्नको निमित्त राजनितिक नियुक्तिबाट मुक्त राख्नु अपरिहार्य छ । विश्वविद्यालयमा हुने राजनीतिक हस्तक्षेतको साङ्लोबाट मुक्त गराउँदै प्राज्ञिक संस्थाप्रति आम जनविश्वास बढाउने, सक्षम र योग्य जनशक्ति उत्पादन गर्न सक्ने विश्वविद्यालय बनाउने जिम्मेवारी वर्तमान दुईतिहाई बहुमत प्राप्त सरकारको हातमा छ ।

## छठपर्व..

माग गरेका हुन् ।

सरकारका विभिन्न निकायहरु भेला, उद्घाटन, समारोह, शिलान्यास जस्ता कार्यक्रम मात्र होईन बजार खुल्ला गरी दैनिक भिडभाड भई रहेको वेला छठपर्वलाई रोक्नु भनेको आस्थामाथि ठाडो प्रहार भएको प्रशासनमाथि आरोप लगाएको छ ।

छठपर्व मनाउन नदिने मोरंग प्रशासनको निर्णय अस्वाभाविक भएको भन्दै सवभन्दा वढी प्रभावित अमेरिका होस या भारत जहां जनताहरु निर्वाचनमा भाग लिई रहेका छन् । हामी हाम्रो घरपरिवारलाई रोग र विभिन्न समस्याबाट बच्च सफता मिलोस भनी व्रत लिने र नदी वा तलावमा अस्ताउँदो र उदाउँदो सुर्यलाई अर्घ दिने कार्यमा कतैवाट रोकावट नगर्न प्रशासनलाई आग्रह गरेको छ ।

त्रिलोकीनाथ तथा झरना चौक छठपूजा समारोह समिति विराटनगरले सरकारले तोकेको मापदण्ड अनुसार भौतिक दूरी कायमगरी छठपर्व मनाउन दिन प्रशासनको ध्यानाकर्षण गराएका थिए । त्यसैगरी झरना चौक छठपूजा समारोह समिति विराटनगरका अध्यक्ष अमृत साहले कोरोनाको कहरको बेला सर्तकता अपनाएर यस वर्ष छठपूजा गर्ने तयारी रहेको भन्दै छठपूजामा एक घाटदेखि अर्को घाट सम्म भक्तालुहरुलाई जान नदिन समितिले रोक लगाउने निर्णय गरेको बताए ।

साहले समितिले लिएको निर्णयमा सहयोगका लागि जिल्ला प्रशाशन कार्यालय मोरङलाई अनुरोध गर्ने बताउनुभयो । नेपाल वैश्य युवा संघ मोरङका अध्यक्ष गणेश साह लगायतले हिन्दुहरुको महान चाड छठपूजालाई सवैको सहयोगले सर्तकता अपनाउँदै सम्पन्न गर्न आग्रह गर्नुभएको थियो ।

यसवर्षको छठपूजा मंसिर ५ गते शुक्रवारको दिन अस्ताउँदो सुर्यलाई अर्घ दिई मंसिर ६ गते उदाउँदो सुर्यलाई अर्घ दिई सम्पन्न हुने छ ।

## सुकुम्बासी...

आयोगले काम शुरु गरिसकेको जानकारी दिदै वर्तमान सरकारको कार्यकालमा सुकुम्बासी र भूमिहिन किसानलाई भूमि उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

मुख्यमन्त्री राईले निर्वाचनमा गरिएको बाचा र प्रतिवद्धता पुरा गराउन तीन तहको सरकार इमान्दर भएर कार्य गर्नुपर्नेमा जोड दिनु भएको थियो । आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले प्रदेश सरकार जनताको जीवन स्तर अगाडी बढाउन शिक्षा, स्वास्थ्यमा उनीहरुको पहुच पुऱ्याएर स्वरोजगार बनाउन कटिबद्ध रहेको छ भन्नु भएको थियो ।

सामाजिक विकासमन्त्री जीवन घिमिरेले सुकुम्वासी, आदिवासी र सीमान्तकृत जनताको जीवनस्तर उकास्न शीपमूलक रोजगार कार्यक्रम ल्याइएको बताउनु भयो । सङ्घीय सांसद अमनलाल मोदीले तीन तहको सरकारले निर्माण गरेको नमूना बस्तीमा उचित रेखदेख गरी वसोवास गर्न आग्रह गर्नु भएको थियो

उद्योग, वन, पर्यटन तथा वातावरण राज्यमन्त्री विजय विश्वासले वर्तमान सरकार नागरिकको समृद्धि कायम गर्न पर्यटन पूर्वाधारमा जोड र कृषिमा यन्त्रको प्रयोगबाट रोजगारी वृद्धि गर्ने बताउनु भएको थियो ।

## प्रहरी...

जनचेतना जगाउन साप्ताहिक रुपमा रेडियो मार्फत प्रसारण गर्न सकिने बताएका छन । छलफलमा सहभागि ब्रोडकास्टिङ एसोसिएशन अफ नेपाल प्रदेश १ अध्यक्ष डाक्टर सन्देशदास श्रेष्ठले प्रहरीको सेवालाई प्रभावकारी बनाउने विषयमा छलफल भएको बताए ।

ग्रामिण तहसम्म एफएम रेडियोको पहुँच हुने बताउँदै उहाले जनतालाई सचेत गराउनका निम्ती सहकार्य आवश्यक रहेको वताएका थिए ।



सुन र नगद सहित नेपाल भारतको सिमानाका इस्लामपुरवाट विहीवार एक भारतीय नागरीक दिपक कुमार भगतलाई शसस्त्र प्रहरी बोडर आउटपोष्ट रानीले पक्राउ गरी सार्वजनिक गर्दै ।







# अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौं वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल हाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नयां एवं अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

## हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### छठपर्वमा सावधानी अपनाऔ रोक न लगाऔ

विश्व भरी नै फैलिएको कोरोना भाइरसको कारण नेपालमा पनि कोरोनावाट बच्नका लागि सभा, सम्मेलन, उत्सब, भिडभाड गर्न सरकारले रोक लगाएको छ। तर पनि केही समय यता सरकारको निर्णयलाई वेवास्ता गर्दै प्रमुख नेताहरु नै सभा, सम्मेलन, उद्घाटन लगायतका कार्यक्रममा सहभागी भई रहेको अवस्थालाई हेर्दै नेपाली जनता पनि बजारमा भिडभाड गर्न थालेका छन्। सामाजिक दुरी, माक्सको प्रयोग गरी आ-आफ्नो कार्यगर्दै आएको छ। कोरोना संक्रमणलाई मध्यनजर गर्दै छठपर्व मनाउन जिल्ला प्रशासन कार्यालय रोक लगाउने निर्णय गरेपछि छठपर्वमा आस्थाराख्ने भक्त जनहरुले त्यसको विरोध जनाउँदै रोक लगाउनुको सट्टा सहजीकरण गरी दिन प्रशासनसंग माग गरेको अवस्था छ। सवभन्दा ठूलो धर्म भनेकै विश्वास हो हिन्दु मुस्लिम दवै मिलेर मनाउने पर्वको रुपमा चिनिने छठपर्वलाई रोक्नु भनेको आस्था र विश्वासमाथि खेलवाड हेुने छ।

छठपर्व नै यस्तो पर्व हो जसले उदाउँदो र अस्ताउँदो सुर्यलाई अर्घ दिई मनाउने गरिन्छ। अहिलेको कलयुगमा उदाउँदो लाई मात्र प्राथमिकता दिने अस्ताउँदोलाई कसैले पनि विश्वा नगर्ने समयमा छठपर्वले नयां संन्देश दिएको हुन्छ। उदाउँदोलाई मात्र होईन अस्ताउंदोलाई पनि उतिकै प्राथमिकथाका साथ राख्नु पर्छ। छठपर्व निष्ठापूर्वक मनाउने महान चाडपर्व हो। छठपर्व मनाउने मुख्य उदेश्य नै परिवारआ आईपर्ने विघ्न-वाधा, रोग-व्यादीलाई नश गर्न पर्वहरु मनाउने गरिन्छ। परिवारमा सुख-शान्ति छाओस भनेर छठपर्व मनाउने गरिन्छ। त्यसले प्रशासनले भक्तालुहरुलाई समाजिक दुरी कायम गराउँदै कोरोनावाट बच्न हरेक सावधानी अपनाउनलाई प्रशासनले सहजीकरण गरिदिनु पर्छ छठपर्वमा रोक लगाउनु हुंदैन। खासगरी नेपाल भारतमा धार्मिक सांस्कृतिक रे देवी देवतामा विश्वास राख्ने देश भएकोले प्रशासनले धार्मिक आस्था माथि प्रहार गर्नु उचित हुंदै छठपर्व मनाउनका लागि नदी र तलावमा समाजिक दुरी कायम गरी एक अर्कोको पुजामा समावेस नभई आ-आफ्नो परिवारका बीच छठपर्व मनाउन दिनु पर्छ। कोरोना कहर चलिरहेको वेला प्रशासन भन्दा पनि छठपर्व गर्ने व्रतालुहरु र छठपर्वमा सहभागीता जनाउने आम नागरिकले पनि संयमता र समाजिक दुरी लगायतका कोरोनावाट वच्न सावधानी अपनाएर मात्र छठपर्व मनाउनु वेश हुन्छ। जोसमा होस गुमाउनु हुंदैन अन्यथा त्यसको परिनाम आफू लगायत समाजका अन्य व्यक्तिहरुलाई समेत भोग्नु पर्ने हुन्छ। तसर्थ सावधानीका साथ छठपर्व मनाउन सम्पुर्ण स्वदेश तथा विदेशमा रहेको दाजु भाई दिदी वहिनीहरुमा छठपर्वको हार्दिक मंगलमय शुभकामना।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# दलीय भागवण्डा र अस्तव्यस्त विश्वविद्यालय

**सञ्जय कार्की**

'युनिभर्सिटी अफ बोलोग्ना' विश्वकै पहिलो विश्वविद्यालय हो। सन् १०८८ मा इटालीमा यो विश्वविद्यालयको स्थापना भएको हो। यस्तै अक्सफोर्ड युनिभर्सिटि, पेरिस विश्वविद्यालय, क्याम्बिज्र विश्वको पुरानो विश्वविद्यालयमा पर्छन्।

नेपालमा हाल ११ वटा विश्वविद्यालयहरू छन्। त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर (२०१६), नेपाल संस्कृत विश्वविद्यालय दाङ (२०४३), काठमाडौं विश्वविद्यालय धुलिखेल (२०४८), पूर्वाञ्चल विश्वविद्यालय बिराटनगर (२०५१), पोखरा विश्वविद्यालय (२०५४), लुम्बिनी बौद्ध विश्वविद्यालय (२०६१), कृषि तथा वनविज्ञान विश्वविद्यालय चितवन (बि.स. २०६७), मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेत (२०६७), सुदुरपश्चिमाञ्चल विश्वविद्यालय महेन्द्रनगर (२०६७), नेपाल खुला विश्वविद्यालय (२०७३), राजर्षी जनक विश्वविद्यालय (२०७४) रहे पनि हाम्रो विश्वविद्यालयको त्यति लामो इतिहास छैन।

वि.सं. २०१६ असारमा स्थापना भएको त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा ठूलो र पुरानो विश्वविद्यालय हो। यसअन्तर्गत विभिन्न विषयको स्नातक, स्नातकोतर, एम.फिल र पीएचडी तहसम्मका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। 'त्रि.वि. ऐन २०४९' अनुसार यसको मुख्य उद्देश्य नेपालको सर्वाङ्गीण विकासको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नु हो। स्तरयुक्त शिक्षा प्रदान गर्नु, उच्च शिक्षा हासिल गर्ने विधार्थीलाई प्रमाण-पत्र प्रदान गर्नु र विभिन्न विषयमा अनुसन्धान गराउनु हो।

त्रिभुवन विश्वविद्यालयको उद्देश्य पुरा गर्नको निमित्त पठनपाठन र अनुसन्धान कार्यमा जोड दिनुपर्छ। विभिन्न विषयको प्राज्ञिक जनशक्ति उत्पादन गरिने थलोको रूपमा विश्वविद्यालयलाई चिनाउनुपर्छ।

त्रिभुवन विश्वविद्यालयमा उच्च शिक्षासम्बन्धी शैक्षिक कार्यक्रमहरू, अनुसन्धान तथा प्राज्ञिक कार्य सञ्चालन गराउनको लागि विश्वविद्यालयको सूचना शाखाको अद्यावधिक तथ्याङ्क अनुसार त्रि.वि. अन्तर्गत पाँचवटा अध्ययन संस्थानहरू- कृषि र पशुविज्ञान अध्ययन संस्थान, वनविज्ञान अध्ययन संस्थान, इन्जिनियरिङ अध्ययन संस्थान, चिकित्साशास्त्र अध्ययन संस्थान, विज्ञान तथा प्रविधि अध्ययन संस्थान छन्।

यस्तै चारवटा संकायहरू शिक्षाशास्त्र संकाय, कानुन संकाय, ब्यवस्थापन संकाय, मानविकि र सामाजिकशास्त्र संकाय रहेका छन्। चारवटा अनुसन्धान केन्द्र, ३८ वटा केन्द्रीय विभाग र ६१ वटा आङ्गिक क्याम्पस तथा १०८४ वटा सम्बन्धनप्राप्त क्याम्पस रहेका छन्।

उत्कृष्ट हजारमा त्रिवि तर बेरोजगारीको हब

विश्व वेब सर्वेक्षणमा भाग लिँदै आएको त्रिभुवन विश्व विद्यालय बेलायतस्थित 'टाइम्स हाइयर एजुकेशन' (तज्भ) ले सन् २०२१ को लागि गरेको विश्वविद्यालय सर्वेक्षणमा विश्व वरीयताको उत्कृष्ट हजारभित्र पर्न सफल भयो।

करीब ९२ देशको १ हजार ५ सय २७ विश्वविद्यालयको सूचीमा त्रिवि एक हजारभित्र परेको हो। यसअघि सन् २०१९ मा पनि त्रिवि उत्कृष्ट हजारभित्र परेको थियो। मूलत: शिक्षण, अनुसन्धान, साइटेशन, अन्तर्राष्ट्रिय छवि र संस्थाको आयलाई सूचकको रूपमा मानेको छ। त्रिविलाई पनि अन्तराष्ट्रिय स्तरको विश्वविद्यालयको रूपमा पर्न तोकिएको मापदण्डभित्र मूल्याङ्कन गरी यो स्तर निर्धारण गरिएको हो।

उत्कृष्ट हजारभित्र परे पनि त्रिविमा एसियाकै राम्रो मानिएको इन्जिनियरिङ, चिकित्साशास्त्र र वन विज्ञानबाहेक अन्य विषयको उत्तीर्ण प्रतिशत निरन्तर घट्दो दरमा छ।

त्रिविले परीक्षा प्रणालीमा सुधार गर्न सकेको देखिँदैन। दुई वर्षको कोर्स ४ वर्षमा, छ महिनाको कोर्स ९ महिनामा पनि पुरा नहुने स्थिति बन्दै गएको छ। परीक्षाको नतिजा प्राप्त गर्न एक वर्षभन्दा बढी कुर्नुपर्ने, ट्रान्सक्रिप्ट वितरणमा ढिलाई, शैक्षिक क्यालेण्डर कार्यान्वयनको अभाव, समय सान्दर्भिक पाठयक्रमको बहस नहुनु लगायतक गतिविधि देखिँरहदा पनि त्रिवि नेत्तृत्व संवेदनशील भएको देखिँदैन। त्रिविका आंशिक प्राध्यापकहरू देशभरका क्याम्पसमा बौद्धिक श्रम शोषण भयो भन्दै तलबको लागि आन्दोलनमा उत्रिए। विद्यार्थीसँग शैक्षिक गतिविधिमा जोडिनुपर्ने प्राध्यापक रोजीरोटिमै अल्झिनु परेको सुन्दा, पढ्दा नयाँ पुस्ताले प्राध्यापक पेशाप्रति कस्तो धारणा बनाउला!

अर्कोतर्फ त्रिभुवन विश्वविद्यालयको उत्पादन बजारमा अधिकांश बेरोजगारी भेटिन्छन् वा रोजगारी पाएकाहरू पनि आफ्नो योग्यता अनुसारको रोजगारी नभेटेकोमा असन्तुष्टि भेटिन्छन्।

कोरोना महामारी र लकडाउनको कारण शैक्षिक कार्यक्रम र परिक्षा सञ्चालन प्रभावित रहे पनि पदाधिकारीले विभिन्न क्याम्पसमा क्याम्पस प्रमुखहरू नियुक्ति गर्न भने भ्याए।

नेपालकै जेठो विश्वविद्यालय दलीय भागबण्डा र खिचातानीका कारण अस्तब्यस्त बनेको छ। यसमा विश्वविद्यालय भित्रको समस्या, विकृति, प्रशासनिक ढिलासुस्ती र शैक्षिक गतिविधिमा सुधार गर्न सकेमा विश्वविद्यालयको उचाइ थप राम्रो बन्ने छ। त्रिविको नेत्तृत्वले संस्थाको हरेक निर्णय पारदर्शी, आन्तरिक व्यवस्थापन सबल बनाउन सकेमा त्रिविको भविष्य सुन्दर छ।

राजनीतिक नियुक्ति मुक्त प्राज्ञिक क्षेत्र

विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिष्टारलगायत महत्त्वपूर्ण पदहरूमा राजनीतिक नियुक्ति गर्ने परिपाटीले विश्वविद्यालयमा शैक्षिक गतिविधिभन्दा बढी राजनीतिक गतिविधिले जरा गाढेको देखिन्छ। विभिन्न अध्ययन संस्थानका डिनहरू, विभागिय प्रमुखहरू, आङ्गिक क्याम्पसका प्रमुखहरू लगायत राजनीतिक भागबण्डाको आधारमा नै नियुक्ति गरिने चलन छ।

जुन राजनीतिक दलले सरकार सञ्चालन गर्दछ, सोही दलको इच्छाअनुकूल विश्वविद्यालयजस्तो प्राज्ञिक थलो चल्दछ। प्राज्ञिक ठाउँमा राजनीतिक भागबण्डाका आधारमा पदाधिकारी नियुक्ति गरिनु योग्य र राम्रालाई भन्दा गुण लगाएको आधार र हाम्रोलाई नियुक्ति र अवसर दिने प्रवृत्तिले विश्वविद्यालयको शान गिर्दै गएको छ।

विश्वविद्यालय विशुद्ध प्राज्ञिक क्षेत्र हो। त्यसैले विश्वविद्यालयमा आउने पदाधिकारीहरू उपकुलपति, रेक्टर, रजिष्टार राजनीतिक भागबण्डाको आधारमा भन्दा निष्पक्ष प्रतिस्पर्धाको आधारमा नियुक्त हुनुपर्छ।

प्राज्ञिक क्षेत्रमा अनुभव नभएको र राजनीतिक विचारको आधारमा नियुक्ति भएको व्यक्ति विश्वविद्यालयको पदाधिकारी हुनु पुरै राजनीतिक हस्तक्षेपको शिकारमा छ भन्न सकिन्छ। निश्चित मापदण्ड (पेशागत कार्यक्षमता, योग्यता, विशिष्टता र भावी कार्ययोजना) भएका प्राध्यापकहरू मध्ये खुला प्रतिस्पर्धा नै गराएर उपकुलपति, रेक्टर, रजिष्टार, परिक्षा नियन्त्रक, डिनहरू, विभागीय प्रमुखहरू नियुक्ति गर्ने व्यवस्था गर्नुपर्दछ।

नेपालकै ठूलो विश्वविद्यालय आर्थिक शैक्षिक र प्रशासनिक दृष्टिले धराशयी बन्दै गइरहेको छ। तर सुधार्न नै नसकिने अवस्थामा भने पुगेको छैन। त्रिवि धरासयी बन्नुको मुख्य गल्ती भनेकै विश्वविद्यालय पदाधिकारिहरूमा राजनीतिक भागबण्डाको आधारमा नियुक्ती हुनु र नेतृत्वमा रहेकसँग दिर्घकालीन दृष्टिकोण नहुनु नै हो।

प्राध्यापक विद्यार्थी र कर्मचारीले पनि जिम्मेवारी बहन गर्नुपर्दछ। अनुशासनहीन विद्यार्थी, जिम्मेवारी र दायित्व भुल्ने प्राध्यापक र अल्छी कर्मचारीको कारण पनि विश्वविद्यालयको विकासमा ह्रास देखा परेको कुरा नकार्न सकिन्न। (सबैलाई भन्न खोजिएको हैन) यद्यपि त्रिविलाई अन्तराष्ट्रिय स्तरको सबल र समृद्ध विश्वविद्यालय बनाउने हो भने राजनितिक हस्तक्षेपबाट मुक्त, योग्य प्राध्यापक, सक्षम कर्माचरी, अनुशासित र जिम्मेवारी विद्यार्थी सबैले गम्भीर हुन आवश्यक छ।

विद्यार्थी सङ्गठनको भूमिका

विद्यार्थी सङ्गठनहरूले पनि विश्वविद्यालयमा राजनीतिक आग्रह-पूर्वाग्राह राखी, त्यही ढङ्गले आन्दोलनमा उत्रिनु हुँदैन। विवेक पुर्याएर सत्यको पक्षमा सबै विद्यार्थी एकजुट हुन आवश्यक छ। आखिर विद्याको सार नै विवेक हो। नियमित र गुणस्तरिय शिक्षा, पुस्तकालयमा नयाँ संस्करणका पुस्तक, समयमै नतिजा प्रकाशन, विज्ञान प्रयोगशालामा पर्याप्त उपकरण छ-छैन लगायतको आम विद्यार्थीको चासो र गुनासोमा विद्यार्थी सङ्गठनको ध्यान जानुपर्छ।

मुलुक परिवर्तनको संवाहक विद्यार्थी सङ्गठन शैक्षिक समस्यामा भन्दा मूल पार्टीका नेताहरूको चाकरीमा ब्यस्त देखिन्छन्। गुट-

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# दीपावली का वास्तविक अर्थ समझें

मुनी जयंत कुमार/दयन्त

भारतवर्ष में जितने भी पर्व है, उनमें दीपावली सर्वाधिक लोकप्रिय और जन(जन के मन में हर्ष(उल्लास पैदा करने वाला पर्व है। वैदिक प्रार्थना है( 'तमसो मा ज्योतिर्गमय:' अर्थात अंधकार से प्रकाश में ले जाने वाला पर्व है( 'दीपावली'।

दीपावली के पूर्व लोग दुकानों व घरों की साफ(सफाई करते हैं, रंग(रोगन करते हैं। लोगों में यह भावना रहती है कि इस दिन श्री लक्ष्मीजी दुकान व घर में प्रवेश करती हैं। जीवन में धन का महत्व है, इससे इंकार नहीं किया जा सकता। धन से मानव अपना रोज का जीवन व्यवहार चलाता है। अपनी आशा(आकांक्षाओं को पूरा करने की कोशिश में लगा रहता है।

मनुष्य चाहता है कि उसे अच्छा भोजन मिले, रहने को सुन्दर(सा घर हो और कभी वह बीमार पड़ जाए तो उसे अच्छी(से(अच्छी चिकित्सा मिले। इन सबकी पूर्ति के लिए ही वह श्री लक्ष्मी देवी की पूजा(अर्चना करता है। कामना करता है कि श्री लक्ष्मी देवी उसके भंडार को धन(धान्य से परिपूर्ण कर दें। लेकिन धन में बड़ा प्रमाद होता है, मद होता है, विकार होता है।

प्राय: लोग दीपावली के मात्र बाह्य प्रसंगों का स्मरण कर पर्व मनाने की सफलता समझ लेते हैं। श्रीराम के अयोध्या प्रवेश को याद करते हैं, महर्षि दयानंद सरस्वती के स्वर्गवास की स्मृति कर लेते हैं, राष्ट्रसंत विनोबाजी के देहत्याग की गरिमा का गुणगान कर लेते हैं, किंतु प्रकाश पर्व के उन आंतरिक संदेशों को अनदेखा कर देते हैं, जो हमें अपनी आत्मा में निहित प्रकाश को उत्पन्न करने की प्रेरणा देते हैं।

जैन दृष्टि से दीपावली त्याग तथा संयम का पर्व है। सांसारिक पर्व के साथ(साथ यह आध्यात्मिक पर्व भी है। इस दिन कार्तिक कृष्ण अमावस्या को द्वद्वें तीर्थंकर भगवान महावीर ने निर्वाण पद (मोक्ष, सिद्धावस्था) को प्राप्त किया था। जैन समाज भगवान की निर्वाण पद प्राप्ति की खुशी में बहुत प्राचीनकाल से ही दीपावली पर्व मनाता आ रहा है। निर्वाण पद की प्राप्ति आसक्ति से नहीं विरक्ति से, भोग से नहीं त्याग से, वासना से नहीं साधना से, बाहरी लिप्तता से नहीं अहिंसा, संयम व तप से होती है।

आज जैन समाज इस पर्व के आध्यात्मिक संदेश को भूलकर सांसारिक, शारीरिक वासनाओं की तृप्ति में लिप्त हो रहा है। यही तो विडंबना है। अच्छा खाना, अच्छा पहनना, आमोद(प्रमोद करना आदि तो दीपावली का बाहरी पक्ष है, जो सांसारिक दृष्टि से आकर्षक जरूर लगता है किंतु आत्मिक दृष्टि से कतई उचित नहीं है। अनेक धर्म वाले जीवन का अंतिम लक्ष्य निर्वाण (मोक्ष) प्राप्ति को ही मानते हैं।

आज हमारी नई पीढ़ी निर्वाण पक्ष को प्राय: भूलती जा रही है तथा इस दिन होटलों व पार्टियों में अभक्ष्य भक्षण करना, जुआ खेलना, घोर हिंसा करने वाले पटाखों को छोड़ना तथा अन्य अनेक दुष्प्रवृत्तियों में लिप्त होकर मानव जीवन को खाई में ढकेल रही है।

दीपावली के दिन जुआ खेलने की परंपरा बहुत पहले से चली आ रही है। अज्ञानी लोग मानते हैं कि इस दिन जुआ खेलने से लक्ष्मी आती है, यह उनका भ्रम है।

आतिशबाजी के कारण कितने ही छोटे(छोटे जीव मौत के मुंह में चले जाते हैं। यदि हम किसी को जीवन दे नहीं सकते, तो दूसरों के प्राण लेने का हमें क्या अधिकार? दूसरों के प्राणों की घात सबसे बड़ी हिंसा है, सबसे बड़ा पाप है। आतिशबाजी से कई जीवों की घात तो होती ही है किंतु कई लोग अपने प्राणों से भी हाथ धो बैठते हैं।

प्राय: हम सुनते हैं कि आतिशबाजी के कारण अमुक जगह आग लग गई, लाखों(करोड़ों का नुकसान हो गया तथा अनेक लोगों के नेत्र की ज्योति चली जाती है। कइयों के हाथ(पांव जल जाते हैं, महिलाओं व पुरुषों के कीमती वस्त्र जल जाते हैं, कई अधजले होकर रह जाते हैं। यह कैसी बर्बादी है? तन की भी और धन की भी।

आजकल दीपावली के दिन उद्योगपति, व्यापारी तथा अन्य लोग अपनी अनेक विवशताओं के कारण तत्संबंधी अधिकारियों के पास बड़े(बड़े कीमती उपहार भेजते हैं। ये उपहार आंतरिक खुशी से नहीं, बल्कि विभिन्न संकटों से अपनी 'सुरक्षा' करने के लिए रिश्वत के रूप में भेजे जाते हैं, यह वास्तव में भ्रष्टाचार का ही एक रूप है।

दीपावली के समस्त सांसारिक आयोजन हमारी अनीकिनी के अज्ञानरूपी अंधकार के ही शोधक एवं सूचक हैं। दीपकों का प्रकाश, मिष्ठान्न सेवन एवं वितरण, मकान( दुकान की स्वच्छता, लक्ष्मी उपासना, परिग्रह का असीमित प्रदर्शन, पांचों इन्द्रियों के भोगों का खुलकर सेवन करने की प्रवृत्ति, दुर्व्यसनों के प्रति आसक्ति अनादि जो भी आयोजन हम दीपावली के दिन करने के अभ्यस्त हो चुके हैं, वे सभी हमारे अज्ञानरूपी अंधकार के पोषक एवं सूचक ही हैं तथा उनसे कभी भी आत्मा का कल्याण संभव नहीं है। ये सभी दीपावली आयोजन 'तमसो मा ज्योतिर्गमय:' की भावना के पूर्णतया विपरीत हैं।

आज समाज आत्म(साधना और त्याग(वृत्ति के पथ पर चलने के बजाय भोग और परिग्रह वृत्ति के प्रति झुक गया है। निर्वाण मार्ग के अनुसरण के बजाए संसार यानी भव भ्रमण के मार्ग को अपनाने लगा है और वैराग्य के स्थान पर राग को अपनाने लगा है। त्याग के पर्व को हमने भोग का पर्व बना दिया है। लोगों की देखादेखी करते हुए दीपावली का पर्व विकृत हो गया है। जिस त्याग एवं साधना के बल पर महापुरुषों ने निर्वाण पद प्राप्त किया था, उस त्याग और साधना को भूलकर हम केवल बाहरी क्रिया(कलापों पर अटककर रह गए हैं। इसे हम अपनी बुद्धि का दीवाला ही तो कहेंगे।

सारे विश्व को प्रकाश प्रदान करने वाला भारत आज कितने अंधकार में जी रहा है? क्या कभी हम एक ही क्षण के लिए भी इसका चिंतन करते हैं? कौन पाल रहा है, भारत के अधिकार को? भारत पर अभी कोई विदेशी शासन नहीं है। भारतीय ही भारत पर शासन कर रहे हैं।

हम ही देश के नैतिक पतन के जिम्मेदार हैं। हम ही भ्रष्टाचार को प्रोत्साहन देते हैं, उसे पालते हैं। ईमानदारी और नैतिकता को हमने ही ध्वस्त कर दिया है। अपने स्वार्थ के पीछे हम अपनी अस्मिता तक से खिलवाड़ करने को तत्पर रहते हैं। राष्ट्रीयता का नारा हमारा वाणी विलास(मात्र ही रह गया है। हम राष्ट्र के स्तर पर स्वतंत्र होकर अंधकार के घने घेरे में कैसे चले गए हैं ?

क्या यह अंधकार किसी दीपक से मिटाया जा सकता है? क्या सांसारिक रूप से दीपावली को धूमधाम से मनाकर हम अपने राष्ट्र की अंतरात्मा को प्रसन्न कर सकते हैं? तुच्छ स्वार्थों के पीछे अपनी चेतना (आत्मा) के समस्त प्रकाश को भुलाकर के घने अंधकार में भटकने वाले हम क्या कभी दीपावली का सच्चा अर्थ समझ सकेंगे? क्या हम कभी स्वयं से पूछते हैं कि हम कहां हैं? प्रकाश में या अंधकार में? यदि अंधकार में हैं तो क्यों? हमारी 'तमसो मा ज्योतिर्गमय:' की प्रार्थना असफल क्यों हो रही है? सबसे बड़ा कारण है( हम अपनी आत्मज्योति को बुझा करके जीते हैं। हम उसे प्रज्वलित करना ही भूल गए।

दीपावली हमें प्रेरणा दे रही है कि हम अपनी आत्मज्योति को प्रज्वलित करें। अपना दीपक स्वयं जलाएं। अपनी आत्मा को ही दीपक बनाकर उसे जगमगाएं। उसके लिए चाहिए( सिर्फ आत्मविश्वास।

हम इस विश्व गुरु भारत के नागरिक हैं किंतु संकीर्णता के गुलाम बनकर रह गए। हम अच्छे वक्ता अवश्य हैं, किंतु आचरण में बहुत पिछड़ गए हैं। दुर्व्यसनों के जंगल में भटक गए हैं। हम पश्चिम के लज्जाविहीन संस्कारों के अनुकरण में लग गए हैं। आज भारतीय जन(जीवन की अधिकांश ऊर्जा विकृतियों की गटर में बही जा रही है।

लोक(जीवन के इस पतन के हम ही उत्तरदायी हैं। हम कभी अपना दोष स्वीकार नहीं करते। हम कभी समाज को, तो कभी सरकार को उत्तरदायी बताने लगते हैं किंतु समाज और राष्ट्र का निर्माण तो स्वयं से है। हम कर्तव्यपरायण और नैतिक बनें, तभी तो स्वस्थ समाज या स्वच्छ सरकार का निर्माण होगा। सुधार तो स्वयं में लाना है।

दीपावली से प्रेरणा ग्रहण करने की आवश्यकता है। 'परंपरागत भोग की दीपावली मनाने के प्रति घृणा उत्पन्न करें और सावधान होकर आध्यात्मिक दीपावली मनाने के प्रति तैयार होएं।'

हम भोगों की आसक्ति को त्यागने तथा त्याग की ओर झुकने का प्रयास करें तथा राम, कृष्ण, बुद्ध, गांधी एवं महावीर द्वारा बताए गए अहिंसा, सत्य, अचौर्य, ब्रह्मचर्य और अपरिग्रह के सिद्धांतों का परिपालन करने में अपने को तैयार रखें( यही अंधकार से प्रकाश की ओर जाने का उपाय है। यह कार्य कठिन तो अवश्य है किंतु असंभव नहीं है। पुरुषार्थ करें, सफलता अवश्य मिलेगी।

## लागुऔषध सहित पाँच पक्राउ

सुनसरी,। नियन्त्रीत लागुऔषध सहित सुनसरीबाट ५ जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले डाइलेक्स डीसी १०० एम एलको ४७ बोतल सहित भारतिय नागरीकहरु हुन्।

पक्राउ पर्नेमा १९ वर्षीय महेश कुमार मेहेता र सुरेश कुमार गुप्ता तथा कोशी गाँउपालिका वडा नं १ का मनिष यादवलाई कोशी गाउँपालिका वडा नं. १ बाट सोमवार पक्राउ गरेको हो।

त्यसैगरी ईनरुवा नगरपालिका वडा नं. ४ बाट लागुऔषध नाईट्रोसन ट्याब्लेट सहित २ जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय ईनरुवाबाट खटिएको प्रहरी टोलीले भोक्राहा नरसिंह गाउँपालिका वडा नं. १ को २८ वर्षीय नुनुलाल उराव र रामधुनी नगरपालिका वडा नं. ३ का २५ वर्षीय नफिल मियालाई ८ ट्याब्लेट नाईट्रोसन सहित पक्राउ गरेको हो। पक्राउ परेका पाँचै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ।

## एघार वर्षपछि बुवा पक्राउ

सुनसरी। श्रीमान श्रीमतीको विवादमा तीन वर्षकी नवालक छोरीको घाँटी थिचेर मारेको अभियोगमा ११ वर्ष पछि बुवा पक्राउ परेको छ।

सुनसरी जिल्लाको साविक नरसिंह गाउा विकास समिति वडा नं. ४ को ५१ वर्षिय बुनिया भनिने करिम मियाँले आफ्नै छोरीलाई २०६६ साल मंसिर २२ गते ३ महिनाकी छोरी दिलसाह मियाको घाँटी थिची हत्या गरेर फरार रहेका थिए।

माईतीघरमा नै बस्दै आएकी कान्छी श्रीमतीलाई लिन भनी ससुराल गएका करिमले बाटोमा फर्कने क्रममा श्रीमतीसंग बादविवाद भए संगै आमा छोरीलाई नै कुटपीट गर्नुका साथै घाँटी थिचेर बेहोस अवस्थामा केरावारीमा फालिदिएका थिए, केही समय पश्चाच श्रीमती अजिरन खातुन होशमा आएको तथा नावालक छोरीको मृत्यु भएको भनी श्रीमति खातुनले नै मंसिर २३ गते जिल्ला प्रहरी कार्यालय सुनसरीमा जाहेरी दर्ता गरेकी थिईन्।

जाहेरी दर्ता गरेकै दिन देखि नै फरार रहेका करिमलाई घटना भएको ११ वर्ष पछी २०७७ कार्तिक १७ गते पक्राउ गरी थप अनुसन्धान तथा आवश्यक कानूनी प्रक्र्या शुरु गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

## आतिसबाजीका पटाका बरामद

बिराटनगर। झापा र मोरङका बिभिन्न स्थानहरुबाट ठुलो परिणाममा अतिसबाजी पटका सहित ४ जना मानिस पक्राउ परेका छन्।

सुनसरीको ईटहरी उपमहानगर पालिका वडा नं ८ बाट बिहिवारे ४ बोरा पटका सहित ४ जना पक्राउ परेका हुन्।

ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले ईनरुवा नगरपालिका वडा नं ९ का २२ वर्षीय सतस अन्सारी, हरिनगर गाउँपालिका वडा नं. २ का २० वर्षीय दिनेश राम, ईटहरी उपमहानगर पालिका वडा नं. १३ का ३० वर्षीय रन्जित सरदार र ईटहरी वडा नं. १२ की ३२ वर्षीया शान्ता कुमारी चौधरीलाई पक्राउ गरेको हो।

को १ ह ७२६० नम्बरको टेम्पो र को २२ प ३००२ नम्बरको मोटरसाईकलमा सवार रहेका उनीहरुलाई ठुलो परिणामको पटका सहित पक्राउ गरी थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ।

त्यसैगरी प्रहरी चौकी बाहुनीडाँगीबाट खटिएको प्रहरी टोलीले बिहिवार राती मेचीनगर नगरपालिका वडा नं. ५ बाट करिव ३ लाख ३० हजार बराबरको पटका बरामद गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएर व्यवसायी सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर ।

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्मामामा सभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर



क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# जतिसुकै परिवर्तनकारी शक्ति आएपनि राज्यसत्ताको भावना अनुसार चलेन

उपेन्द्र झा

देश र जनतालाई समृद्ध बनाउने राजनीतक दलहरुको दावा सैद्धान्तिक धरातलबाट प्रयोगमा आउन सकेन । ०१७ सालमा सबै राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाई पञ्चायती व्यवस्थाको एकल शासन पद्धतिले पनि नेपाललाई स्वीटजर ल्याण्ड बनाउने दावाका साथ ३० वर्षसम्म शासन गऱ्यो । जनतासँग गरेको सो दावा मिथ्या साबित भएपछि पञ्चायती व्यवस्थाको एकलौटी शासन गर्ने शैलीमाथि प्रश्नचिन्ह लाग्यो र जनताले एकल शासन पद्धतिको अन्त गरि लोकतान्त्रिक शासन पद्धति स्थापना गऱ्यो । संसारमा लोकतान्त्रिक शक्तिले गरेको उन्नति र प्रगतिको सपना लिएर नेपाली जनताले पनि देशलाई समृद्ध बनाउन लोकतान्त्रिक पार्टीहरुलाई जनादेश दियो ।

बडो उत्साह र जाँगरका साथ जनताले आन्दोलनको माध्यमबाट सत्ता खोसेर लोकतान्त्रिक शक्तिलाई राज्यसत्ता सुम्पियो । ०४६ सालमा लोकतन्त्रको पुनर्स्थापनाले पार्टीभन्दा जनताको सपना पूरा हुने आशले समग्र देश उत्साहित थियो । जनताले कांग्रेसलाई सरकार बनाउन बहुमत दियो र तत्कालिन एमालेलाई प्रतिपक्षमा राख्यो । भनिन्छ "प्रथमे ग्रासेमक्षिकापात: ।"

नेपाली काँग्रेसको आफ्नै पार्टीभित्रको ताण्डव, त्यसपछि प्रतिपक्षी ताण्डवले देशमा राजनीतिक अराजकताको सिर्जना भयो । महँगी, भ्रष्टाचार, असुरक्षा, अराजकता व्याप्त भएपछि ०५२ सालमा माओवादीको जन्म, ०५८ सालमा दरवार हत्याकाण्ड र त्यसपछि राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिए । प्रजातन्त्र पुनर्स्थापनाका लागि गरिएको जनआन्दोलन नेपाली कांग्रेस र एमालेको कलहपूर्ण सरकार संचालनबाट मिथ्या साबित भयो । लोकतान्त्रिक पद्धतिमा जनताले बढि कष्ट महसूस गरे । त्यसपछि राजाबाट सत्ता खोस्ने नेपाली काँग्रेसको सडक आन्दोलनमा काठमाडौंमा ५० जना मानिस जम्मा हुँदैन्थ्यो । जनतामा लोकतान्त्रिक शक्तिबाट आएको विरक्तिको यो ठूलो उदाहरण थियो । जनताले सजाएको लोकतान्त्रिक शासन प्रणालीको सपना टुटेको थियो ।

लोकतान्त्रिक शासन प्रणाली नराम्रो होईन । त्यसैले त सयकडौं शहादत दिएर पटक पटक संघर्ष जनताले आखिर यही व्यवस्थालाई मन पराएर ल्यायो । अनुभवी राजनेताहरुद्वारा संचालित शासन व्यवस्थामा लोकतन्त्रको यस्तो विकृत रुप किन देखापऱ्यो ? ०१७ सालमा राजाको षडयन्त्र प्रजातन्त्र मास्ने कारण बनेको थियो । ०५८ सालको दरवार हत्याकाण्डपछिको राजा त धेरै कमजोर थियो । राजाले कसरी शासन सत्ता हातमा लिए ? प्रजातन्त्र कमजोर हुनुको ठूलो कारण नेपाली कांग्रेसका नेताहरुमा निजी स्वार्थको डरलाग्दो स्वरुप, भागबण्डाको लडाई तथा गुट, उपगुटको पारस्परिक कलहबाट सिर्जित अराजक अवस्था थियो । जनता र देश विकासको कार्यको कुनै महत्व थिएन । शासन सत्तामा नेपाली कांग्रेसको कार्यशैलीबाट काँग्रेस धेरै बदनाम भयो । व्यक्ति स्वार्थ र भागबण्डामा एमाले पनि पछि थिएन तर नेपाली कांग्रेस जस्तो नाँङ्गो थिएन । नेपाली जनताले वाक्कदिक्क मानेर लोकतान्त्रिक शक्तिको विकल्प खोज्नु लोकतान्त्रिक शक्तिको ठूलो दुर्भाग्य थियो ।

माओवादीको शान्तिपूर्ण अवतरणपछि जनतामा पुनश्च: ठूलो आश जाग्यो । बाटो बिराएका नेपाली कांग्रेस तथा एमाले सच्चिएर माओवादीसँग मिलेर सरकार संचालन गर्छ किभन्ने जनताको आश थियो । ०६२ सालमा राजाको हातबाट शासन सत्ता लिनका लागि तीनवटै पार्टीले काठमाडौंमा भीषण जनआन्दोलन गऱ्यो । फलस्वरुप सत्ता पुनश्च: यिनीहरुको हातमा आयो ।

झण्डै १७ वर्षको प्रजातान्त्रिक अभ्यासमा मधेशको अपेक्षा नसमेटिएपछि ०६३ सालमा मधेशले विद्रोह गऱ्यो । संविधान सभाबाट संविधान बनाउने बहुप्रतिक्षित विचार साकार पार्न गरिएको मधेश आन्दोलनले अन्तत: संविधान सभाको चुनाव गराउन बाध्य पाऱ्यो । नेपाली कांग्रेस र एमालेको स्वार्थलिप्सा देशभन्दा पनि ठूलो रहेकोले अवसर पाए नचुक्ने राजनीतिको तल्लो स्तरको यो संस्कारबाट मुक्त हुन सकेको थिएन । पार्टीभित्र अवसर पाउने र नपाउनेको अन्तहीन संघर्ष चल्दै रह्यो । माओवादी पार्टीको अन्तर्संघर्ष विभाजनको कारण बन्यो भने अरु पार्टीहरु गुट उपगुटमा विभाजित थियो ।

सरकारको पहलो जिम्मेवारी देश र जनताप्रति उत्तरदायी रहने नीतिगत कुरा राखे पनि अहिलेसम्म जुनसुकै सरकारले निजी स्वार्थलाई नै प्राथमिकतामा राखेर सरकार चलाएको देखिएको छ । यसले सरकारको कार्यक्षमतामाथि सधैं प्रश्न उठ्दै रह्यो तथा सरकारहरु पनि आफ्नो कार्यकाल पूरा नगरि ढल्दै रह्यो । विगतका यी घटनाहरुबाट आउने कुनै सरकारले शिक्षा लिएन । बरु आफ्नो स्वार्थ लिप्सालाई नै निरन्तरता दिई रह्यो ।

संविधान सभाको स्थापनाकाल देखि बैदेशिक सहयोगको मात्रा बढ्दै गएको कारणले पार्टीहरुमा धन संग्रह गर्ने महत्वाकाँक्षा तीव्र रुपमा बढ्यो । नमरुञ्जेल सत्तामा बनिरहने आकाँक्षाले धन संग्रहतिर बढि प्रेरित गऱ्यो । चुनावमा खर्च गरि जितेर आउने र सत्तामा आफूलाई शाश्वत रुपमा स्थापित गर्ने सबैको एउटै चाहना प्रवल रुपमा विकसित भएपछि

वांकी ५ पेजमा...

# जबरजस्ती करणी गरेको आरोपमा तीन पक्राउ

विराटनगर । अलग-अलग ठाउंमा जबरजस्ती करणी गरेको आरोपमा तीन जना पक्राउ परेका छन् ।

घटनाको विवरण अनुसार असोज १३ गते राती जिल्ला मोरङ वेलबारी नगरपालिका वडा नं. १ अमना सिसौलीको जंगलमा जिल्ला मोरङ वेलबारी नगरपालिका वडा नं. ३ बस्ने वर्ष २१ को सुमन भन्ने सुकमान तामाङले सोही ठाउँ बस्ने बर्ष ५० को चक्र वहादुर चौधरीको सहयोगमा नावालकलाई कारणी गरेको आरोप लागेको छ ।

१४ की सांकेतिक नाम ०७७ बेलबारी १९ (क) लाई जबरजस्ती करणी गरेले प्रतिवादी सुकमान तामाङ तथा सहयोगी चक्र बहादुर चौधरी समेतलाई जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं. ३ सिमपाने प्रतिवादीहरुकै घरवाट कार्तिक १४ गते पक्राउ गरिएको थियो ।

दुवै प्रतिवादलार्य पक्राउ गरी जबरजस्ती करणी मुद्दामा सम्मानित मोरंङ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान कार्य भई रहेको छ ।

त्यसैगरी कार्तिक १३ गते जिल्ला मोरङ ग्रामथान गाउँपालिका वडा नं. १ लखन्तरी स्थित जिल्ला मोरङ ग्रामथान गाउँपालिका वडा नं. २ बस्ने बर्ष ४० को जुमेश सरदारले जिल्ला मोरङ ग्रामथान गाउँपालिका वडा नं. १ बस्ने बर्ष २१ की सांकेतिक नाम ०७७ बेलबारी २० (क) लाई जवरजस्ती करणी गरेको आरोप लागेको छ ।

# तीन लाखको पटाका बरामद

झापा । झापाको भद्रपुर नगरपालिका वडा नं. ५ स्थित सिमा एरियाबाट करिव तिन लाख बराबरको अतिसबाजी (पटका)सामग्रीहरु प्रहरीले बरामद गरिएको छ ।

भारतीय बजारबाट पटका खरिद गरि सिमा एरियामा लुकाई छिपाई राखिएको भन्ने विशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका वडा नं ५ स्थित



बुधवार वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले उक्त परिमाणको विभिन्न प्रकारका पटकाहरु बरामद गरेको हो । एरियामा लुकाई छिपाइ राखिएको तिन लाख बराबरको पटकाहरु बरामद गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

हार्दिक मंगलमय

## शुभकामना

**२०७७ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

| | | |
|---|---|---|
| राम कुमार कामत (अध्यक्ष)<br>मंजिता सरदार (उपाध्यक्ष)<br>कटहरी गाउँपालिका मोरंग | कैलाश प्रसाद मण्डल (अध्यक्ष)<br>सालो साह (उपाध्यक्ष)<br>जहदा गाउँपालिका मोरंग | हरिलाल सिंह (अध्यक्ष)<br>नसिमा वानो (उपाध्यक्ष)<br>धनपालथान गाउँपालिका मोरंग |
| बालचन्द माझी (अध्यक्ष)<br>अमृता कुमारी गच्छदार (उपाध्यक्ष)<br>बढीगंगा गाउँपालिका मोरंग | शिवनारायण माझी थारु (अध्यक्ष)<br>फूलकुमारी चौधरी (उपाध्यक्ष)<br>ग्रामथान गाउँपालिका मोरंग | रोहित कार्की (अध्यक्ष)<br>शान्ति कुमारी लिम्बु (उपाध्यक्ष)<br>केरावारी गाउँपालिका मोरंग |
| देवी प्रसाद आचार्य (अध्यक्ष)<br>सरला राई (उपाध्यक्ष)<br>मिक्लाजुङ गाउँपालिका मोरंग | ताराबहादुर काफ्ले (अध्यक्ष)<br>रामकुमारी इंगनाम (उपाध्यक्ष)<br>कोनेपोखरी गाउँपालिका मोरंग | दिलीप कुमार अग्रवाल (मेयर)<br>केसव कुमारी खराल (उपामेयर)<br>रंगेली नगरपालिका, मोरंग |
| काली प्रसाद दास (मेयर)<br>मंजु कुमार राई (उपाध्यक्ष)<br>सुनवर्सी नगरपालिका, मोरंग | शिव प्रसाद ढकाल (मेयर)<br>धनमाया तामाङ (उपमेयर)<br>सुन्दर हरैचा नगरपालिका, मोरंग | खड्ग फागो (मेयर)<br>लक्ष्मी भण्डारी (उपमेयर)<br>उर्लावारी नगरपालिका, मोरंग |
| किशोर राई (मेयर)<br>यमुना विष्ट (उपमेयर)<br>पथरी-शनिश्चरे नगरपालिका, मोरंग | ज्ञानेन्द्र सुवेदी (मेयर)<br>ढाका कुमारी पराजुली (उपमेयर)<br>बेलवारी नगरपालिका, मोरंग | रविन राई (मेयर)<br>दन्त देवी चुडाल (उपमेयर)<br>रतुवा माई नगरपालिका, मोरंग |
| शंकर राई (मेयर)<br>कृष्ण कुमारी निरौला (उपमेयर)<br>लेटाङ्ग नगरपालिका, मोरंग | | |

*नगरपालिका तथा गाउँ पालिका परिवारमोरंग*

सूचना सूचना सूचना

सडक क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौं । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

**विराटनगर महानगरपालिको अपिल**

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## जतिसुक...

जनता समक्ष सरकारको विकृत रुप देखिनु स्वाभाविक थियो ।

माओवादी पनि अपवाद रहन्न सकेन । उनले पनि व्यक्तिगत स्वार्थलाभको धारणालाई तिलाँजली दिई देशको उन्नती, प्रगतिबारे कुनै ठोस कार्य गर्न सकेन । राज्यसत्ताले माओवादीलाई पनि आफ्नो प्रभावमा लिएर कैद गरि सकेको जनताले अनुभव गर्न थाल्यो ।

राजा शासनकालमा चुनाव यति महँगो भएको थिएन । पञ्च भनाउँदाहरु जेकोही पनि जितेर आउने सहजता थियो । लोकतान्त्रिक व्यवस्थामा १०, २० करोड त न्यूनतम् खर्च हो । विगतको चुनावमा ५० करोडसम्म उम्मेदवारले खर्च गरेको सुन्दा कम्युनिष्ट शासनमा यस्तो पनि हुँदो रहेछ, विश्वास लागेको थिएन । पैसाको प्रलोभनबाट मतदातालाई प्रभावित गर्न पाइन्न भनेर कम्युनिष्ट सरकारले निर्वाचन आयोगलाई आचारसंहिता पनि बनाएर दिएको छ । तर पनि खर्च भएको छ । खर्चको चर्चा गर्दा यी सबै प्रोपगेण्डा हुन् भनेर गंगाजल छर्केर चोखिने जुक्ति कम्युनिष्टले पनि धेरै सिकेका छन् ।

सबैको विरोध गर्ने मेरो मनसाय होइन । पहिलेभन्दा परिष्कृत भएर उन्नत, प्रगतिशील, स्वच्छ र जन उत्तरदायी लोकतान्त्रिक शासन प्रणालीको जनताले अपेक्षा गरेको थियो । तर पहिलेभन्दा बदत्तर स्तरको सरकारको कार्यशैली भेटेपछि जनता कहाँ जाऊन् । नेकपा र नेपाली कांग्रेसले निर्विकल्प प्रभुसत्ता कायम गरेदेखि जनताको लागि कम्युनिष्टको विकल्प कांग्रेस भएपछि एकपल्ट कम्युनिष्ट अर्कोपल्ट काँग्रेसको सरकार प्रष्टिएको छ । सरकारको कार्यशैली जस्तोसुकै रहेपनि जनताले पालैपालो शासन स्वीकार गरि बस्ने चलन बनाएको कुराले दुबै शक्तिको प्रभूत्व त्यसै प्रष्ट हुन्छ । कम्युनिष्ट सरकारमा बस्दा काँग्रेसले भागपाउने तथा नेपाली काँग्रेसको सत्ता आउँदा कम्युनिष्टले भाग पाउने ०४६ सालदेखि बसाइएको चलनअनुसार सत्ता चलिरहेको छ ।

भारतसँग लड्ने बहाना झिकी राष्ट्रवादी शक्तिलाई गोलबन्द पारि दुईतिहाई नजिक पुगेको केपी शर्मा ओली शक्तिशाली सरकार बनाउन सफल भयो । चीनको भरपूर सहयोग प्राप्त यो सरकारलाई देश विकास गर्न कुनै किसिमको बाधा अड्चन थिएन । तर पनि ओली सरकार शिथिल भयो । भ्रष्टाचार, अनियमितता, महँगी, असुरक्षा, हत्या हिंसा, बलात्का आदि जस्ता असामाजिक गतिविधि बेरोकटोक हुन लागेकोले राजनीतिक अराजकताको अवस्था सिर्जना भएको छ ।

सधैं शीर्ष स्थानमा रहेको नेपाली काँग्रेस यसपाली ओलीको राष्ट्रवादी मतदाताले पत्याएन र नेपाली काँग्रेस खुम्चिएर बसेको छ । ओली कै शिकार भएर कमजोर मनस्थितिमा पुगेको नेपाली कांग्रेस अहिले गुट उपगुटको पारस्परिक कलहमा फँसेकाले सरकार र देशको चिन्ता त्यागेको छ । ओली सरकारको शक्ति किन ह्रास भयो, कारण बुझ्न सबै जिज्ञासु भएका छन् ।

ठूलो अनुसन्धानको विषय भएको छ कि जति सरकार आए सबै स्वार्थी किन भए ? देश र जनताप्रति कोही किन उत्तरदायी भएनन् ? भ्रष्टाचार गरेर अकूत सम्पत्ति कमाउने र आफूबाहेक सत्तामा कसैलाई आउन नदिने यस्तो चुनाव प्रणाली किन बनायो ? जनतालाई पढाउने दर्शन यिनी आफै किन बिर्से ? सत्तामा जो आएपनि पारम्परिक चलनलाई निरन्तरता दिनु पर्ने तिलस्मी प्रभाव के हो ? शक्तिशाली तथा प्रगतिशील ओली सरकार असफल किन भयो ? धेरै प्रश्नहरु जनता समक्ष तेर्सिएका छन् ।

सरकारहरुको असफलताबारे बुद्धि अनुसार आफ्नै आफ्नै तर्क छ । यो पंक्तिकारको पनि आफ्नै तर्क छ । कुनै पनि सरकार सफल नहुनुको कारण राज्यसत्ता हो । तर दुईवटै पार्टीले विरासतमा पाएको यो धरोहरलाई आफ्नो असफलताको कारण मान्दैन । नेपालमा उत्तम तथा लोकप्रिय लोकतान्त्रिक व्यवस्था ल्याउन गरिएको जुनसुकै आन्दोलन सम्झौतामा टुँगिएर राज्यसत्ता समक्ष आत्मसमर्पण गरेको छ । आन्दोलनकारीहरुको दुई चारवटा अधिकारलाई संविधानमा लेखेर राखिदिएको छ । संविधानमा लेखिए पनि व्यवहार पक्ष उत्तिकै निर्मम छ र कुनै कुरा जनताले अनुभव गर्न सक्दैन । ओलीले भ्रष्टाचारमा हात हालेर आफ्नो असफलता निम्त्याएको हो । जतिसुकै परिवर्तनकारी शक्ति आएपनि राज्यसत्ताको भावनाअनुसार चलेन भने त्यो सरकार टिक्दैन । ओली पनि त्वम् शरणम् गरि सकेकोले यो सरकारको शिथिलता देखिएको हो । राज्यसत्तामा आमूल परिवर्तन नगरिकन देश र जनताको प्रगति घोषणा पत्रमा मात्र सीमित रहनेछ । (मधेश दर्पण फिचर सेवा)

मोटर साइकल चलाउँदा हेलमेट अनिवार्य प्रयोग गरौं ।

## बच्चामा सबभन्दा धेरै हुन्छ यी पोषक तत्वको कमी

अर्ग्यानिक सामग्रीको प्रचुरता र पर्याप्त पोषक तत्वको सम्बन्धमा ज्ञान हुँदा हुँदै पनि विविध कारणले धेरै बच्चाहरूको शरीरमा आवश्यक पोषक तत्वको कमी भइरहेको हुन्छ । कुन खानामा के पोषक तत्व हुन्छ ? भन्ने बारेमा जानकारी भए पनि त्यसलाई व्यवहारमा उतार्न नसक्दा धेरै समस्याहरू सिर्जना हुने गरेका धेरै उदाहरणहरू देख्न सकिन्छ ।

**म्याक्रो न्यूट्रियन्ट डिफिसिएन्सी**

यो डेफिसियन्सीले बच्चाको शरीरमा प्रोटिनको कमी हुने गर्छ । बच्चाहरूमा आउने यस्तो कमी कैयौं सालसम्म देखिँदै आएको पाइन्छ । यस्ता बच्चामा हुने कुपोषणको समस्या सहर र गाउँका बच्चामा फरकफरक किसिमको हुने गर्छ ।

सहरका बच्चाहरूको त खानपान



शैली नै गलत किसिमको हुनेगर्छ । सोही कारणले उनीहरुको शरीरमाा प्रोटिनको मात्रामा कमी आउँछ । त्यस्तै, ग्रामीण क्षेत्रका कतिपय बच्चाहरूमा पर्याप्त खानाको अभावले पनि प्रोटिनको सन्तुलन मिल्दैन । यसरी सहरी भेगका मान्छे खान नजानेर त ग्रामीण भेगका मान्छे पर्याप्त पौष्टिक खानेकुरा खान नपाएर समस्यामा पर्ने गर्छन् ।

**प्रोटिनको कमीलाई यसरी गरौं पूरा**

सबैभन्दा पहिले मान्छेलाई यो कुरा सम्झाउनु जरुरी हुन्छ कि बच्चालाई उनको वजनका अनुसार प्रोटिनको ज्यादा जरुरत पर्ने गर्छ । यसको कमीलाई पूरा गर्नको लागि बच्चालाई दूध, पनीर, अण्डा, दाल, कुखुरा, सोयाबिन ब्रोकाउली जस्ता खानेकुरा खान दिनुपर्छ ।

**माइक्रो न्यूट्रिएन्ट डेफिसिएन्सी**

यस डेफिसिएन्सीलाई हिडेन हंगर नामले पनि चिन्ने गरिन्छ । ४०-५० प्रतिशत बच्चाको शरीरमा आइरन, जिंक, भिटामिन डी र भिटामिन एको कमी हुने गर्छ । बच्चाको शरीरमा यी पोषक तत्वको कमीका बाबजुद यसलाई नजरअन्दाज गर्ने गरिन्छ । यद्यपि शरीरमा यिनीहरुको जरुरत कम मात्रामा हुने गर्छ । तर यसको कमीले अन्य समस्याहरू भने पैदा हुने गर्छ । यसको कमीले बच्चामा कुपोषणको समस्या देखिन्छ ।

**आइरनको कमीलाई कसरी गर्ने पूरा ?**

आइरनको कमीले बच्चालाई एनिमियाको शिकार बनाउँछ । जसमा उनले थकान र कमजोरी हुने गर्छ । माछा, पात भएका सागसब्जी, पालक आदिमा आइरन प्रचुर मात्रामा पाइन्छ ।

**जिंकको कमीलाई यसरी गरौं पूरा**

जिंकको कमीले बच्चाहरूको विकासमा बाधा उत्पन्न हुन्छ । यो कमजोर इम्युनिटी, डायरिया आदिका कारणले हुने गर्छ । चना, मसूरको दाल, कुखुराको मासु, अण्डा, एभोकाडो र कालो चकलेट आदिले बच्चाको शरीरमा जिंकको कमी हुन दिँदैन ।

**भिटामिन डीको कमीलाई यसरी गरौं पूरा**

भिटामिन डीको कमीले बच्चाको हड्डीलाई कमजोर बनाउन मद्धत गर्छ । घामको किरण यसको मुख्य स्रोत हो । यसका अलावा चिल्लो पदार्थयुक्त माछा, अण्डा, दूध, पनिर, आदिको सेवनले पनि शरीरमा भिटामिन डीको कमीलाई पूरा गर्न मद्धत गर्छ ।

भिटामिन एको कमीले छाला, दाँत, हड्डी र आँखामा नोक्सानी हुन्छ । यसको कमीलाई पूरा गर्नको लागि गाजर, आलु, सख्खर, हरियो पातदार सागपात, हरियो खुर्सानी, हरियो धनिया आदि सेवन गर्न सकिन्छ ।

हार्दिक मंगलमय

शुभकामना

२०७७ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| | |
|---|---|
| भीम पराजुली (मेयर)<br>विराटनगर महानगर पालिका मोरंग<br>प्रदेश नं. १ | इन्दिरा कार्की (उपमेयर)<br>विराटनगर महानगर पालिका, मोरंग<br>प्रदेश नं. १ |

| | | |
|---|---|---|
| उद्धव अर्याल (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १ | कुमार पोखरेल (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. २ | विनोद कुमार बस्नेत (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ३ |
| देवेन्द्र राज पोखरेल (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ४ | मिन कुमार आचार्य (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ५ | विजय कामत (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ६ |
| मधु बाबु तिवारी (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ७ | निश्चल अर्याल (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ८ | विश्वनाथ प्रसाद भगत (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ९ |
| माधव राज बाग्ले (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १० | तिर्थेन्द्र न्यौपाने (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ११ | हिरालाल कामत (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १२ |
| झरी लाल महतो अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १३ | महीचन यादव (का.वा.अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १४ | असलम आलम (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १५ |
| मनोज सुब्बा लिम्बु (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १६ | समिर कमर मियाँ (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १७ | राजदेव यादव (का.वा. अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १८ |
| बद्री नारायण सरदार (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १८ | | |

विराटनर महानगर पालिका
तथा वडा कार्यालय परिवार विराटनगर मोरंग

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १